इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३ (सहकारी शाखा)

मिति :

च.नं. :

सू.नं.- ८-०८२।०८३

## सहकारी संस्थाहरुका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने सम्बन्धी जरुरी सूचना ।

प्रकाशित मितिः-२०८३/०३/२५

सहकारी संस्थाका ऋणी सदस्यहरुले तोकिएको समयभित्र ऋणको सावाँ तथा ब्याज चुक्ता नगर्दा केही सहकारी संस्थाहरुमा बचत फिर्तामा नकरात्मक असर परेको छ । नगर सहकारी ऐन, २०७५ को दफा ६३, नगर सहकारी नियमावली, २०८० को नियम ५७ र सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८० को बुँदा ५५ मा सहकारी संस्थाबाट ऋण लिई ऋणको भाखा भित्र चुक्ता नगरेका तथा संस्थाको खराब ऋणीको सूचीमा परेका ऋणि सदस्यहरुलाई उपमहानगरपालिकाबाट उपलब्ध हुने तोकिएका बमोजिमका सेवा, सुविधाहरुबाट बन्चित गर्न सक्ने व्यवस्था सबैमा विदित नै छ ।

यस इटहरी उपमहानगरपालिकाको नियमन क्षेत्राधिकार अन्तर्गतका केहि सहकारी संस्थाहरुले तोकिएको समयभित्र ऋणको सावाँ, ब्याज भुक्तानी नगर्ने सदस्यहरुलाई उपमहानगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्काको लागी ऋणीहरुको नाम, नामेसी सहित अनुरोध भई आएको सन्दर्भमा मिति २०८३।०३।०९ गतेको नगर कार्यपालिकाको बैठकले तोकिएको समय भित्र ऋणको सावाँ, ब्याज भुक्तानी नगर्ने एवं संस्थाद्वारा खराब ऋणीको सूचीमा परेका ऋणि सदस्य तथा निजका एकाघरपरीवारले उपमहानगरपालिकाको कार्यालय बाट प्रास गर्ने पञ्जिकरण बाहेकका सेवा, सुविधा रोक्का गर्ने र सम्पत्ति वा बैकं खाता रोक्का गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने र त्यस्ता ऋणी सदस्यहरुको नामावली सार्वजनिक समेत गर्ने निर्णय भएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ ।

अतः तोकिएको समयभित्र ऋणको सावाँ, ब्याज चुक्ता नगरेका तथा संस्थाको खराव ऋणीको सूचीमा परेका ऋणी सदस्यहरुले **२०८३ असाढ मसान्त** भित्र आफुले सहकारी संस्थालाई तिर्न वा बुझाउनु पर्ने ऋणको सावाँ, ब्याज लगायतका रकमहरु अनिवार्य चुक्ता गरिदिनुहुन अनुरोध छ । अन्यथा उक्त समय भित्र ऋण चुक्ता नगर्ने ऋणी सदस्यहरुको नामावली सार्वजनिक गर्ने र निजको तथा निजको एकाघरको पारिवारिक सदस्यहरुको उपमहानगरपालिकाले दिने पञ्जिकरण बाहेकका सेवा, सुविधा रोक्का गर्ने तथा सम्पत्ति वा बैकं खाता रोक्का गर्न सम्बन्धित निकायलाई सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

बलिकुमार पोखरेल
सहकारी शाखा प्रमुख

<u>बोधार्थः-</u>

श्री सूचना प्रविधि शाखाः- कार्यालयको वेभसाइट तथा आधिकारीक सामाजिक सञ्जालमा अप्लोड गरिदिनुहुन ।